# नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेड
## छैठौं वार्षिक साधारण सभाको कामकारबाहीको विवरण (माइन्यूट)

१. **वैधानिक सभा:**

नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेडको संचालक समितिको निर्णयानुसार बोलाइएको यो छैठौं वार्षिक साधारणसभा संचालक समितिका अध्यक्ष श्री जगदीश प्रसाद अग्रवालज्यूको सभापतित्वमा देहाय बमोजिम सु-सम्पन्न भयो ।

२. **सभाको मिति, स्थान र समय:**

मिति: २०६० पौष २१ गते सोमवार (५ जनवरी २००४)
स्थान: होटल नमस्कार, विराटनगर
समय: अपरान्ह ३ बजे देखि ४.३० बजे सम्म ।

३. **उपस्थिति:**

**संचालकहरुको उपस्थिति:**

| | | |
|---|---|---|
| क) श्री जगदीश प्रसाद अग्रवाल | - | अध्यक्ष |
| ख) श्री लोकमान्य गोल्छा | - | संचालक |
| ग) श्री वासुदेव गोल्याण | - | संचालक |
| घ) श्री तुलसीराम अग्रवाल | - | संचालक |
| ङ) श्री राजेन्द्र अर्याल | - | संचालक |
| च) श्री रमेश कोइराला | - | संचालक |

**पर्यवेक्षकको उपस्थिति:**

| | | |
|---|---|---|
| क) श्री भिष्मराज ढुंगाना | - | प्रतिनिधि नेपाल राष्ट्र बैंक |
| ख) श्री उपेन्द्र मान श्रेष्ठ | - | प्रतिनिधि राष्ट्रिय वाणिज्य बैंक |

**पदाधिकारीहरुको उपस्थिति:**

| | | |
|---|---|---|
| क) श्री सशीन जोशी | - | प्रमुख कार्यकारी अधिकृत |
| ख) श्री निर्मल दास श्रेष्ठ | - | चार्टर्ड एकाउन्टेन्ट, निर्मल एण्ड कं.(लेखापरीक्षक) |
| ग) श्री अरुण पराजुली | - | प्रमुख, कोष तथा लेखा |
| घ) श्री श्याम सापकोटा | - | कम्पनी सचिव |

४. **सभाको सूचना**

छैठौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना, वार्षिक प्रतिवेदन तथा वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण शेयरधनीहरुको उपलब्ध व्यक्तिगत ठेगानामा पठाउनुका साथै, क्रमश: कान्तिपुर दैनिकमा २०६० मार्ग २९ गते र नेपाल समाचार पत्रमा २०६० मार्ग ३० गते प्रकाशित गरी शेयरधनी महानुभावहरुलाई सार्वजनिक रुपले समेत सूचित गरिएको थियो ।

५. **सभामा भएका छलफलका विषयहरु:**

(क) छैठौं वार्षिक साधारण सभाको लागि संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन ।
(ख) लेखापरीक्षकको प्रतिवेदनसहित २०६० साल आषाढ मसान्तको वासलात, २०५९/४/१ देखि २०६०/३/३२ सम्मको नाफा-नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।
(ग) आर्थिक वर्ष २०६०/६१ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

(घ) छैठौं वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नको लागि शेयरधनीहरु र संञ्चालकहरुको तर्फबाट एक एक जना प्रतिनिधि नियुक्त गर्ने ।
(ङ) विविध ।

६. **शेयरधनीहरुको उपस्थिति:**

| कुल शेयरधनी संख्या | स्वयं उपस्थित | प्रतिनिधिपत्रद्वारा उपस्थित | जम्मा उपस्थित | बिक्री भएको शेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|
| ३६०५५ (क-ख समूह) | १४८ | २३ | १७१ | ६७.५३ |

७. **गणपूरक संख्या एवम् वैधानिकता:**
सभाको प्रारम्भमा कम्पनी सचिवले यस साधारणसभा प्रचलित ऐन कानून बमोजिम बोलाइएको र सभा गर्न वाणिज्य बैंक ऐन २०३१ को दफा ११ को उपदफा (५) बमोजिम आवश्यक गणपूरक संख्या पुगेको जानकारी सभालाई अवगत गराउनु हुँदै, आजको यस सभाको सभापतित्व गरी दिन संचालक समितिका अध्यक्ष श्री जगदीश प्रसाद अग्रवालज्यूलाई अनुरोध गर्नु भयो । यसरी आवश्यक गणपूरक संख्या विद्यमान रहेको र प्रचलित कानूनको पालना भएको हुँदा कम्पनी ऐन २०५३ को दफा ५६ का अधिन सभा विधिवत प्रारम्भ भयो ।

८. **सभाको सभापतित्व:**
सभाका सभापति श्री जगदीश प्रसाद अग्रवालज्यूले वार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनीमहानुभावहरुको हार्दिक स्वागत गर्दै सभाको कामकारवाही अगाडि बढाउनु भयो ।

९. **वार्षिक प्रतिवेदन तथा प्रस्तावहरुको प्रस्तुती:**
सभापतिज्यूले आ.व. २०५९/६० को संचालक समितिको प्रतिवेदन सभामा पढेर सुनाउनु भयो । त्यसपछि लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०५९/६० को नाफा-नोक्सान हिसाब र वासलात छलफलका लागि सभामा प्रस्तुत गर्नु भयो । यसै क्रमका निम्न लिखित शेयरधनी महानुभावहरुले जिज्ञासा, प्रश्न, सुझाव तथा मन्तव्य सभामा प्रस्तुत गर्नु भयो ।

१. श्री भगवती प्र. अगरवाल २. श्री रमेश अधिकारी ३. श्री योगेश अग्रवाल

**सभामा उठेका प्रश्न तथा जिज्ञासाहरुको प्रत्युत्तरको प्रस्तुतिकरण:**
सभापतिज्यूको आज्ञाले बैंकका प्रमुख कार्यकारी अधिकृत श्री सशिन जोशीज्यूले दिनुभएको समूहगत जवाफ संक्षेपमा देहायानुसार छन:-

१. आ.व. ०५८/५९ को तुलनामा कर्मचारीको संख्या नबढेता पनि खर्च निकै बढेको छ किन?
- व्यवस्थापकिय कर्मचारीमा दक्षता बढाउन भएको नयाँ नियुक्ती तथा कर्मचारीहरुको बढुवा र ग्रेडमा भएको बृद्धिका कारण खर्च बढ्न गएको हो ।

२. कार्यालय संचालन खर्च अन्तर्गत मर्मत तथा संम्भारको क्रमाङ्क (ग) अन्य मा देखाइएको रु.१०,८४,८७२/- रकम के को मर्मत संम्भार मा भएको खर्च हो ?
- उक्त रकम सफट्वेयर, लिफ्ट संभार एयर कंडिशनर, जेनेरेटर लगायत अन्य अफिस उपकरणहरुको मर्मत संम्भारका लागि खर्च हुन गएको हो ।

३. रकम स्थानान्तरण कमिशन कस्तो खर्च हो ?
- यस बैंकको विदेशी बैंकहरुमा रहेको एजेन्सी खाता हरुमा रकम स्थानान्तरण गर्दा बैंक चार्ज वापत बुझाउनु परेको कमिशन खर्च हो ।

४. वासलातको अनुसूचि १७ को क्रमाङ्क २६ अन्य शीर्षकमा देखाइएको रु.४३,५३,८८९/- को खर्च के के मा भएको खर्च हो ?

- यस खर्च अन्तर्गत मेम्वरशिप शुल्क, शुल्क तथा कर, पेटी क्यास, प्रोफेशनल शुल्क, विविध आदि खर्च समावेश छन् ।

५. बैंकले कस्तो किसिमको लगानी कुन कुन बैंकहरुमा गरेको छ ?

- सिटी बैंक, अमेरिकन एक्सप्रेस बैंक, स्ट्याण्डर्ड चार्टड बैंक लगायत स्वदेशी र विदेशी बैंकमा बैंकले लगानी गर्ने गरिएको छ ।

६. के ६.६६% को निष्क्रिय कर्जा हाम्रो बैंकको जम्मा कर्जा रकममा उचित छ ?

- वर्षान्तमा निष्क्रिय जेथाको ८४% कर्जा नोक्सानी व्यवस्था गरि सकेकोले खुद निष्क्रिय जेथा गत: वर्षको ४.०३% को तुलनामा यस वर्ष कूल जोखिम सम्पत्ति को १.०७% मात्र रहेको छ जुन केहि अरु बैंकको दाजोमा राम्रो मान्न सकिन्छ ।

७. कस्तो किसिमको कस कसको र कतिको दावि बैंक माथि परेको छ ? यसलाई बैंकले स्वीकार गरेको छैन ?

- हाल मध्यस्थ ट्राइब्रुनल समक्ष विचाराधिन रहेको हिमालयन डिक्ष्ट्रीलरी लि. संगको रु. १ करोडको शेयर प्रत्याभूति सम्झौता सम्बन्धी एक मात्र दावि विवादीत रहेको छ ।

८. ग्यारेण्टी वण्ड भनेको के हो ? ग्यारेण्टी वण्ड दिंदा कुनै किसिमको धितो लिने गरेको छ कि छैन ?

- ग्राहकको हकमा जमानी बसेर बैंकका तर्फबाट जारी गरिने Bid Bond, Performance Bond आदि ग्यारेण्टी वण्ड हुन ? पहिले नै स्वीकृत कर्जा लिमिट सुविधा अन्तर्गत ग्यारेण्टी सुविधा समेत प्रवाहित हुने भएकोले लिमिट सुविधा प्रदान गर्दा जुन धितो राखेको हुन्छ, सोही नै सुरक्षण रहन्छ, साथै ग्यारेण्टी सुविधा प्रदान गर्दा नगद मार्जिन पनि लिने गरिन्छ ।

९. वार्षिक साधारण सभाको सूचना, वार्षिक प्रतिवेदनहरु अधिकाशं शेयरधनीहरुलाई प्राप्त भएको छैन ? यो कसरी हुन गयो ? वितरण व्यवस्थामा सुधार ल्याउनु पर्‍यो ।

- वार्षिक प्रतिवेदन शेयरधनीहरुको व्यक्तिगत ठेगानामा हुलाकबाट पठाइएको थियो । बैंक संग उपलब्ध ठेगाना अपुरो भएकोले पनि प्रतिवेदन पठाउन असुविधा हुन गयो । यसलाई गंभिरताका साथ लिएका छौं । आगामी दिनहरुमा वितरण व्यवस्थामा सुधार गरिने छ तथा बैंकका सबै शाखाबाट प्रतिवेदन प्राप्त हुने व्यवस्था मिलाउने छौं ।

१०. संचालक समिति सम्बन्धि खर्च अन्तर्गत देखाइएको अन्य खर्च के को खर्च हो ? यसलाई छुटै किन देखाइएको हो ? र यस खर्चलाई नियन्त्रण गर्नु पर्‍यो ।

- नेपाल राष्ट्र बैंकको निर्देशानुसार वासलातको प्रस्तुतिकरण गरिएको हो ? अन्य खर्च अन्तर्गत संचालकज्यूहरु संचालक समितिको बैंठकमा सहभागी हुन आउदा जादा बस्दाको खर्च देखाइएको छ । गत: वर्ष भन्दा नियन्त्रीत गरेर नै खर्च गरिएकोले यस वर्ष खर्च घट्न गएको छ ।

११. यस बैंकले शेयरधनीहरुलाई कहिले सम्ममा बोनस शेयर दिन सक्छ ? जानकारी गराइदिनु पर्‍यो ।

- नेपाल राष्ट्र बैंकको नीति निर्देशनका अधिन बैंकको चुक्ता पुँजी २०६६/६७ सम्ममा रु. १ अरब पुर्‍याउनु पर्ने छ । तथा यस उद्देश्यको लागि हरेक वर्ष न्यूनतम चुक्ता पुँजीको १०% बराबर पुँजी समायोजन कोषमा सार्नु पर्ने बाध्यता रहेको छ। बैंकको नाफामा सुधार भईरहेको छ तथा यहि क्रममा सुधार भएर पुँजी बढाउनलाई छुट्याउनु पर्ने रकम भन्दा नाफा बढी भएको खण्डमा हामी बोनस शेयर अथवा लाभाशं वितरण गर्न सक्ने अवस्थामा पुग्न सक्नेछौं ।

१०. <u>सभाको निर्णय</u>:

क) छलफलको लागि सभामा प्रस्तुत विषय सूचीको (क) बमोजिम संचालक समितिको प्रतिवेदन उपर छलफल भइसकेकोले सो लाई पारित गरियोस् भनी सभापतिज्यूले निर्णयार्थ राख्नु भएको प्रस्ताव सभाले ध्वनी मतका साथ सर्वसम्पतिले पारित गऱ्यो ।

ख) विषय सूचीको (ख) बमोजिम लेखापरीक्षकको प्रतिवेदन सहितको २०६० साल आषाढ मसान्तको वासलात र २०५९/४/१ देखि २०६०/३/३२ सम्मको नाफा-नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरणलाई पारित गरियोस् भनी सभापतिज्यूले प्रस्ताव राख्नु भएपछि छलफल पश्चात् सभाले ध्वनी मतका साथ सर्वसम्मतिबाट पारित गऱ्यो ।

ग) विषय सूचीको (ग) बमोजिम आर्थिक वर्ष २०६०/६१ का लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने प्रस्तावमा छलफल हुँदा लेखापरीक्षक श्री निर्मल दास श्रेष्ठ, निर्मल एण्ड कम्पनी चार्टर्ड एकाउण्टेण्टलाई नियुक्ति गर्ने र पारिश्रमिकको हकमा साविकमा तोकिएको रकम रु.१,०६,४८०/- प्रदान गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

घ) विषय सूचीको (घ) बमोजिम छैठौं वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नका लागि शेयरधनीहरुको तर्फबाट श्री सज्जन कुमार अग्रवाल तथा संचालकहरुको तर्फबाट श्री रमेश कोइरालालाई प्रतिनिधि नियुक्त गर्ने निर्णय सर्वसम्मतिबाट पारित भयो ।

ङ) विविध अन्तर्गत केही विषय नभएकोले कुनै छलफल भएन ।

११. <u>धन्यवाद ज्ञापन एवं विसर्जन</u>:

अन्त्यमा शेयरधनीमहानुभावहरुले आफ्नो अमूल्य समय प्रदान गरी दिनु भई बडो सौहार्दपूर्ण वातावरणमा आजको यो वार्षिक साधारणसभा सफलतापूर्वक सञ्चालन गर्नमा सहयोग गरिदिनु भएकोमा उपस्थित शेयरधनीमहानुभावहरु, एनआइडीसी क्यापिटल मार्केट्स लि., बैंक व्यवस्थापन परिवार, नेपाल राष्ट्र बैंकबाट पाल्नु भएका पर्यवेक्षक तथा श्री राष्ट्रिय वाणिज्य बैंकका प्रतिनिधिलाई संचालक समितिको तर्फबाट धन्यवाद ज्ञापन गर्दै सभापतिज्यूले यो छैठौं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

| शेयरधनीहरुको तर्फबाट | संचालकहरुको तर्फबाट | अध्यक्ष |
|---|---|---|
| सज्जन कुमार अग्रवाल | रमेश कोइराला | जगदीश प्रसाद अग्रवाल |
| शेयरधनी | संचालक | सभापति |